BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Reviewed Research Journal*
ISSN: 2594-3421

# मैदारो उपन्यासमा जातीय दलन

**डा. धनेश्वर भट्टराई***
dhanubudo1@gmail.com

**सारसङ्क्षेप**

*मैदारो उपन्यासमा बागलुङ जिल्लाको अँधेरी गाउँमा बसोबास गर्ने दलित र गैरदलित जातिका बीचको घर्षणमा आधारित छ। दलित युवा चित्रकार नदीनको समाजमा धेरै कुरा उल्टा छन् र त्यसलाई उल्ट्याउँदा मात्र सुल्टो हुन्छ भन्ने कलात्मक अवधारणाका साथ दलित युवक नदीन र छेत्रिनी युवती कलाको प्रेमकथासँगै उपन्यास अघि बढेको छ। मैदारोमा प्रासङ्गिक रूपमा विश्वकला, राजनीतिक सङ्घर्ष र सामाजिक परिवर्तनबारे चर्चा भए पनि अथवा काठमाडौं र पोखराजस्ता सहरी परिवेश प्रस्तुत भए पनि उपन्यासमा मूलतः अँधेरी गाउँको डरलाग्दो पाटेभीर र त्यसको प्रतिबिम्बमा नेपाली जीवन र समाजको सकसपूर्ण यथार्थ प्रस्तुत छ। उपन्यासको अध्ययनबाट स्थानीय धर्म–संस्कृति, श्रम, भाषिक प्रयोग, सामाजिक सम्बन्ध तथा सुधार एवं सम्भावनाजस्ता विशिष्टताका आधारमा औपन्यासिक प्रवृत्तिगत विशेषताहरूको विश्लेषण र मूल्याङ्कन गरिएको छ।*

**शब्दावली :**

*अँधेरी गाउँ, जुम्ली धारा, केटीचौर, इज्जेत, अछुत, मासिन्या काटिन्या जात, खन्खनी, भँडुवा, भौमान्, रौतेला।*

## १. पृष्ठभूमि

गद्य आख्यानात्मक शैलीमा संरचित उपन्यास साहित्यको एक विशिष्ट विधाका रूपमा परिचित छ। प्राचीन युगमा महाकाव्य लोकप्रिय भएझैँ आधुनिक युगमा उपन्यास विधा लोकप्रिय मानिन्छ। आजको उपन्यास लेखनमा विविधता छ। कुनै केन्द्रीय वस्तु वा कथानकमा उनिएका एकल/बहुल पात्र र तिनका अनेक चरित्रहरूका माध्यमबाट वैयक्तिक, सामाजिक, सांस्कृतिक तथा वैश्विक परिवेशभित्रका भौतिक मानसिक द्वन्द्वहरूको उद्घाटन गर्दै सिङ्गो युग र समाजको सविस्तार चित्र प्रस्तुत गर्नु उपन्यास लेखनको कुरूप उद्देश्य रहेको पाइन्छ। त्यसैले भनिन्छ बहुविध संरचनात्मक बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिभित्रको समय र स्थानभित्र विस्तारित भएको कला–सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ (शर्मा र श्रेष्ठ, २०४० : १०५)। यिनै विशेषताहरूका आधारमा जीवन जगत् नै साहित्यको मूल प्रतिपाद्य विषय हो भने त्यसको जति सुन्दर र सर्वाङ्गीण अभिव्यक्ति उपन्यासमा देखिन्छ, त्यति अन्य कुनै विधामा पाइँदैन (त्रिगुणायत, सन् १९९४ : ४०९)। उपर्युक्त विशिष्टताका साथ भूपिन खड्काद्वारा लिखित **मैदारो** (२०७५) देखापरेको छ। यो बागलुङ जिल्लाको अँधेरी गाउँका दलित र गैरदलित जातिका बीचमा रहेको विभेद, दलन, उत्पीडन र त्यस विरुद्धको चिन्तनमा आधारित छ। गाउँठाउँमा पाइने जातीय विभेद र दलनमा केन्द्रित प्रस्तुत उपन्यासमा चित्रित जातीय दलनका सन्दर्भहरूलाई केलाउनु र विवेचना गर्नु यस अध्ययनको प्रमुख ध्येय रहेको छ।

## २. समस्याकथन

समय, समाज र सामाजिक जीवनका विविध पक्षबाट निःसृत चिन्तन र अनुभूतिलाई कथानक, चरित्र र परिवेश प्रदान गरी रचना गरिएको विस्तृत आख्यानात्मक रूप उपन्यास हो। साहित्यकार भूपिनको छैठौँ कृति **मैदारो** उपन्यास प्रकाशित भएको छ। प्रस्तुत उपन्यासका आधारमा उनका औपन्यासिक प्रवृत्तिहरूको मूल्याङ्कनका क्रममा निम्न समस्याहरू देखापरेका छन् :

Dr. Bhattarai is Reader in Nepali Department at Birendra Multiple Campus

क) वंश, धर्म–संस्कृतिका आधारमा दलितप्रतिको दृष्टिकोण के–कस्तो देखापर्छ ?

ख) श्रम र भाषिक सम्बोधनमा दलित र गैरदलितका बीचमा कस्तो विभेद छ ?

ग) दलनबाट मुक्तिको चिन्ता र सम्भावना कस्तो छ ?

## ३. अध्ययनको उद्देश्य

दलितसम्बन्धी प्रचलित सामाजिक मान्यताको आडमा उभिएर उपन्यासकार खड्काको औपन्यासिक प्रवृत्तिहरू केलाउनु यस अध्ययनको मुख्य उद्देश्य हो । दलित सिद्धान्त वा मान्यतामा समेत मतैक्य नरहेको पाइने भए पनि मुख्य रूपमा निम्नलिखित घटकहरूका आधारमा समस्याहरूको समाधान गर्ने उद्देश्य राखिएको छ :

क) समाजमा वंश, धर्म–संस्कृतिका आधारमा दलितप्रतिको दृष्टिकोण स्पष्ट पार्नु,

ख) श्रम र भाषिक सम्बोधनका आधारमा दलितप्रतिको विभेद स्पष्ट पार्नु,

ग) दलनबाट मुक्तिको चिन्ता र सम्भावनाको अध्ययन गर्नु ।

## ४. अध्ययनविधि

आख्यानअन्तर्गत रहेको उपन्यास साहित्यका क्षेत्रमा एउटा विशिष्ट विधाका रूपमा स्थापित छ । विधागत पहिचान र विशिष्टताका साथ विकसित उपन्यासका संरचक घटकहरू स्थापित भइसकेका छन् र आवश्यकतानुसार तिनमा केही परिवर्तन पनि हुँदै आएको छ । यहाँ दलितसम्बन्धी सैद्धान्तिक चिन्तनहरूका आलोकमा उपन्यासकार भूपिन खड्काको उपन्यासमा पाइने जातीय दलनका विशिष्टताहरूको अध्ययन गरिएको छ । त्यस अध्ययनका निम्ति पुस्तकालयबाट प्राप्त कृति र जातीय दलनसम्बन्धी सैद्धान्तिक सामग्रीहरूको उपयोग गरिएको छ। उपलब्ध सामग्रीहरूका आधारमा दलनसम्बन्धी उपन्यासका तथ्यहरूको विश्लेषण र मूल्याङ्कन गरिएको छ। विश्लेषणमा आवश्यकतानुसार वर्णनात्मक/विवरणात्मक र औपन्यासिक साक्ष्य छनोट विधि एवं गुणात्मक ढाँचालाई आत्मसात् गरेर यस अध्ययनलाई पूर्णता दिइएको छ।

## ५. दलित चिन्तनसम्बन्धी सैद्धान्तिक आधार

दलन शब्द रगड्ने, घोट्ने, पिँध्ने वा दल्ने अर्थमा प्रयोग गरिए पनि जातीय दलन शब्दले सामाजिक सन्दर्भ र सम्बन्धलाई सङ्केत गर्दछ। सामाजिक दृष्टिबाट रगडिएका, घोटिएका र दलनमा परेका तिनै जाति–समुदायलाई नेपाली सामाजिक सन्दर्भमा दलित भनिएको पाइन्छ। दलित शब्दले दलन सहनु परेको, हेपिएको, शोषणमा परेको भन्ने अर्थ दिन्छ। **नेपाली बृहद् शब्दकोश** (२०४०) मा दलित शब्दको अर्थ दलिएको, दमन गरिएको, थिचिएको, कुल्चिएको, विध्वंस पारिएको उल्लेख गरिएको छ भने समाजमा हक, इज्जत, प्रतिष्ठा समान रूपले पाउन नसकेको जाति वा समूह, सामाजिक असमानताले सोसिएको वा पछि परेको जनसमुदायलाई दलित भनेर चिनाइएको छ (पृ. ६३८) । दक्षिण एसिया विशेषतः भारत र नेपालजस्ता मुलुकहरूमा हजारौँ वर्षदेखि हिन्दू उच्च जातिहरूले 'शूद्र' भनेर हेप्दै खास जाति वा समूहलाई अछुतको व्यवहार गर्दै आए (अधिकारी र रिजाल, २०७४ : १७) । भारतीय भूमिमा विजेता आर्यहरूको राज्यले आर्य वा अनार्य मूलका दास, पराजित आर्य र जनसमुदायबाट सबै श्रमजन्य काम गराउन थाल्यो। श्रम विभाजनअनुसार पुरोहित्याइँ गर्ने ज्ञान र शिक्षा आर्जन गर्ने ब्राह्मण, सैनिक तथा प्रशासकीय काम गर्ने क्षत्रिय, पशुपालन, खेती र व्यापार गर्ने वैश्य तथा श्रम, शिल्पकारी र सेवाको काम गर्ने शूद्र गरी चार वर्णको विभाजन गरियो। यसरी आर्य राज्यले वर्ण विभाजनलाई विस्तारै धर्मको रूप दियो र यसले ब्राह्मण धर्म वा चार वर्ण र जीवनका चार आश्रम भएको वर्णाश्रम व्यवस्थाको जग बसाल्यो । सुरुमा रङको अर्थमा मात्र प्रयोग भएको वर्ण शब्द वर्णाश्रम धर्मसम्म आइपुग्दा सामाजिक मर्यादा वा श्रम समूहको पहिचान दिने अर्थमा फेरियो (आहुति, २०७४ : ६८) ।

परम्परागत सामाजिक संरचनामा अधिकांशले बुझ्ने र भन्ने गरेभन्दा विपरीत 'दलित समस्या' सांस्कृतिक समस्या मात्र होइन। 'दलित समस्या' अर्थात् दलित र दल्ने समुदायबीचको समस्याको प्रकृति बृहत् र सामाजिक चरित्रको छ। यो संस्कृतिको क्षेत्रभित्र मात्र खुम्चिएर बसेको छैन। यसले धेरै फराकिलो र बलियो किसिमले प्रणालीगत हिसाबले राजनीतिक र आर्थिक क्षेत्रसमेत ओगटेको छ। यो अह्राउने र श्रम गर्ने बीचको राजनीतिक सम्बन्ध हो। 'तँ' र 'हजुर' भन्ने बीचको सम्बन्ध हो नदलित र दलितबीचको। एक–आपसमा छुनसमेत नहुने सम्बन्ध हो यो दुईबीचको। अनि कसरी यो सम्बन्धलाई राजनीति–इतर अर्थात् राजनीतिक शक्तिभन्दा पृथक् रहेको मान्न सकिन्छ ? किमार्थ सकिँदैन (मिश्र, २०७४ : १७)। नेपाली समाजको समग्र तह र क्षेत्रमा प्रणालीगत रूपमा रहेको छुवाछुत करिब २५ सय वर्षअघि सुरु भएको र १ सय २५ पुस्तासम्म गहिरिएको शिर निहुऱ्याउने र घुँडा टेकाउने यो बोझ पूर्व जन्ममा, भाग्यमा र धर्मान्धतामा रमाउनेबाहेक अधिकांशका लागि हृदयविदारक र लज्जास्पदबाहेक अरू केही हुन सक्तैन (मिश्र, २०७४ : १६)।

यसरी सामाजिक, आर्थिक, सांस्कृतिक दृष्टिबाट हेपिएर हजारौँ वर्षदेखि अमानवीय र अन्त्यहीन शोषणको जाँतोमा दलिँदै आएका अछुत भनिने दलितहरू वर्तमानमा पनि तिरस्कृत जीवन बाँचिरहेका छन्। यस्तो विवशतापूर्ण जीवन भोग्न बाध्य दलितहरूले बाँचेको जीवनलाई विषय बनाएर लेखिएको साहित्य नै दलित साहित्य हो (अधिकारी र रिजाल, २०७४ : २०)। दलितका पीडा, जीवन भोगाइ, अनुभूति, आकाङ्क्षा र छटपटीलाई, अपमान र उत्पीडनलाई अनि त्यसबाट उन्मुक्तिका निम्ति गरिएका प्रयास र सङ्घर्षलाई अभिव्यक्ति दिँदा दलित सौन्दर्य प्रकट हुनसक्छ। दलित सौन्दर्य भन्नु नै खास गरी दलित मुक्तिसँग सम्बन्धित सन्दर्भ हो (अधिकारी र रिजाल, २०७४ : २४)। भारत तथा नेपालमा विगतदेखि दलित मुक्तिसँग जोडिएको आन्दोलनमा मूलतः दुई धारा देखिन्छन् – मार्क्सवादी धारा र गैरमार्क्सवादी धारा। गैरमार्क्सवादी धाराले दलित मुक्तिलाई वर्गीय दृष्टिले मात्र नहेरी सांस्कृतिक दृष्टिले वर्णाश्रम व्यवस्थाको सापेक्षतामा हेर्न चाहन्छ भने मार्क्सवादी धाराले वर्गीय मुक्तिसँगै दलित मुक्ति सम्भव रहेको बताउँछ। निनु चापागाईं भन्छन् – दलित आन्दोलनले आफ्नो विशिष्टतासहित वर्गीय आधारमा ध्रुवीकरण गर्न सकेको खण्डमा नै जातीय ढाँचाभन्दा बाहिर रहेको व्यापक समुदायसित आफूलाई गाँस्न सक्तछ र सफलता हासिल गर्न सक्तछ (चापागाईं, २०६८ : ७७)।

यसरी समाजमा पींधको जीवन बाँचेर अपमानित भएको अनुभूत गर्दै अन्त्यहीन श्रममा जीवन घोट्न विवश दलित समुदायका पीडादायी र कष्टकर जीवनसँग सम्बन्धित विषयको कलात्मक अभिव्यक्ति दलित साहित्य रहेको र त्यसबाट मुक्तिको सङ्घर्ष, सम्मानित जीवनप्रतिको आकर्षण र सम्भावनाको चासोयुक्त मानसिक उद्रेकपूर्ण चिन्तनलाई दलित साहित्यको सौन्दर्यका रूपमा हेरिएको पाइन्छ।

## ६. विषयप्रवेश

उपन्यासकार भूपिन खड्का बागलुङ जिल्लाको बलेवा गाउँमा जन्मेका हुन्। प्रारम्भिक शिक्षा गाउँमै प्राप्त गरेपछि लाहुरे बाबु र दाजुहरूको इच्छा विपरीत भारतीय सेनामा भर्ती हुन नमानेर उनी पोखरा झरे। पृथ्वीनारायण क्याम्पस, पोखरामा उच्च शिक्षा प्राप्त गर्दैगर्दा उनी पोखरेली साहित्यिक वातावरणमा भिजिसकेका थिए। वर्तमानमा उनी सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुरमा प्राध्यापनरत छन्। उनको यस **मैदारो** उपन्यासभन्दा अगाडि नै **क्षतिग्रस्त पृथ्वी र मूल सडक** (कवितासङ्ग्रह–२०५३), **शब्दहरूको नेपथ्य** (संयुक्त कवितासङ्ग्रह–२०५६), **हजार वर्षको निद्रा** (कवितासङ्ग्रह–२०६६), **चौबीस रिल** (निबन्धसङ्ग्रह–२०६९) र **सुप्लाको हवाइजहाज** (कवितासङ्ग्रह–२०७२) जस्ता कृतिहरू प्रकाशित भइसकेका देखिन्छन्। यसबाहेक उनको स्थानीय एवं राष्ट्रिय साहित्यिक संस्थाहरूसँगको सम्बद्धता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यिक सम्मेलनमा सहभागिता रहेको देखिन्छ। यसरी दुई दशकअघिदेखिको सिर्जनात्मक कर्मसँगै उपन्यासकार भूपिनको लेखनयात्राले अग्रगति लिइरहेको छ।

खड्काको प्रस्तुत **मैदारो** उपन्यास ३ सय ५३ पृष्ठ र ५१ परिच्छेदमा संरचित भएको छ भने प्रत्येक परिच्छेद वा अध्यायलाई ५१ वटा ससाना उपशीर्षकमा विभाजित गरी समष्टिमा पूर्णता दिइएको छ। आफू जन्मे–हुर्केको बागलुङको

बलेवा र निकटवर्ती छिमेकी जिल्ला पर्वतका कतिपय गाउँ–ठाउँको सामाजिक मान्यता, प्रचलन र पहाडी जीवनका यथार्थतासँग उपन्यासले पर्याप्त साक्षात्कार गराएको छ । उपन्यास दलित युवक नदीन र छेत्रिनी युवती कलासँगको प्रणयतन्तुमा उनिएर पहाडी जीवनको वास्तविकता दर्साउँदै राजनीतिक सङ्घर्षमा उतारचढाव बेहोर्दै विश्वकलाको चर्चासम्म तानिएको भए पनि यस अध्ययनमा जातीय दलनका बारेमा मात्र अध्ययन गरिएको छ ।

भूपिनको उपन्यासले पर्वत र बागलुङ मात्र नभई पोखरा र काठमाडौंको भ्रमण गराए पनि यसमा विशिष्ट बिम्बचित्रका रूपमा अँधेरी गाउँ रहेको छ र यो प्रतिनिधिमूलक छ । नदीनका उल्टा चित्रहरूले भारत वा नेपालका यस्तै अँधेरी गाउँको कथा भन्छन् र त्यसलाई सुल्टो अर्थात् उज्यालो गाउँमा परिणत गर्ने ध्येय उपन्यासको मूलमा रहेको छ । बहुल पात्र रहे पनि अँधेरी गाउँका दलित र गैरदलितको सामाजिक सङ्घातबाट उपन्यासको मूल तथ्य र आधार खुटिएको छ, जहाँ नदीन, मानबहादुर सार्की, आइते, उजेली, अमृतलगायत अनेक दलितहरू छन् भने अर्कोतिर कला, विष्ट काइँला, झङ्क थापा, दीननाथ पण्डित, हिक्मतसिंह र नरे खड्काजस्ता गैरदलितको जमात छ ।

मूलतः यिनै विभिन्न शीर्षकहरूमा **मैदारो** उपन्यासका आधारमा अँधेरी गाउँमा विद्यमान जातीय दलनका प्रवृत्तिको विश्लेषण र मूल्याङ्कन गरिन्छ ।

### क) वंश र जातका आधारमा

नेपाली समाज परम्परानुसार नै सञ्चालित हुँदै आएको हुँदा आज पनि कुल, वंश र जातका आधारमा सामाजिक विभेद कायम रहेको छ । ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र गरी प्राचीन वर्णव्यवस्था अनुसार गरिएको विभाजनले कालान्तरमा वंश र जातले प्रश्रय पाएको देखिन्छ । यद्यपि 'जन्मना जायते शूद्र कर्मणा ....' भनेर जन्मभन्दा कर्मलाई महत्व दिइए पनि त्यो व्यवहारमा आएको देखिँदैन । बरु समाजमा क्रमिक रूपमा छुवाछुत प्रथा मौलायो र छुत–अछुतको निर्णयमा रक्तसम्बन्ध कायम हुन गयो । यसरी रक्तसम्बन्ध, जन्म, कुल र वंशकै आधारमा मानिस सानो वा ठूलो जात, छुत वा अछुत, दलित वा नदलित, पानी चल्ने या पानी नचल्नेजस्ता अनेक प्रकारमा सामाजिक विभेदनका रेखा कोरिँदै आए, परम्परा भयो, त्यसैले मान्यता पाउँदै गयो र त्यही परम्परामा नेपाली समाजको एउटा ठूलो जनसमुदाय अछुत मानिए । तल्लो जातका भनिए र पुस्तौँदेखि सामाजिक अपमान र तिरस्कार बेहोर्दै आए । हो, यही प्रचलन र परम्पराको पछिल्लो साहित्यिक अभिव्यक्ति बनेर **मैदारो** उपन्यास आएको छ ।

**मैदारो**मा पाइने पात्र–चरित्रहरूमध्ये तल्लो जातका मानिने सार्की र कामी जातिहरूको बाहुल्य देखिन्छ । यसमा अँधेरी गाउँका बासिन्दाहरू जो दलित र गैरदलित जातिका रहेका पाइन्छन् । कथित उपल्लो जातकाले तल्लो र पानी नचल्ने जातकालाई अति नै दुर्व्यवहार गरेका छन् – 'ह्याँ टेक् तो म तेरा खुट्टा काटिदिन्छु' पृ. ६८ ।

समाजमा दलित भएकै कारण नदीनकी आमा उजेली सार्कीलाई मिल मालिक रोका बूढाले उसको कोदो मिलमा पिसिदिन इन्कार गरेकोमा ऊ रोकासामु बिन्ती गरेकी छ : 'लौ न विष्ट बराजु मेरो कोदो पिस्दिनुस् । हातमा ठेला परेर जाँताँ पिस्न सकिन । छोराहरू भोकै मर्नी भए ।'

'यता नआऊ उजेली हुन्न हुन्न ।'

'धर्म लाउँच बराजु । पिस्दिनुस् न । मिल खाली नै रैच केरे ।'

'बुझ न, तिमीजस्ता पानी नचल्ने जातको कुटानी पिसानी गरेर चार आनाको अन्न पिस्दा मेरो बेपार सकिन्च । तिम्रो अन्न पिस्दिएँ भने माखो पनि आउन्न मेरो मिलमा' पृ. ८१ ।

उपन्यासमा कथित उच्च जातकाले अछुत जातिप्रति गरेको व्यवहार अमानवीय र घृणित रहेको छ । खड्का नरे भनेर चिनिने नरे खड्काले बागलुङमा राजाको सवारीताका राजालाई आफूले फूल दिन पाउने उत्साहका साथ लाइनमा उभिएका आइते सार्कीतिर झम्टिँदै भनेको छ :

दीननाथ पण्डितलाई कालीगण्डकीमा धकेलेर मारेको हैनस् तँ कुजातले ? ऐले राजालाई छुन खोज्छस् । जा हट् !

> घृणा भरिएका आँखाले बालाई हेर्दै नरेले हावामा हत्केला घुमाए। कुनै फोहोर वस्तुलाई छुन घिन लागेर जसरी घुमाउँछन् मानिसले हत्केलाहरू ठ्याक्क त्यसै गरी। के बा कुनै फोहोर वस्तु हुन् ? पृ. १०३।

समाजमा अछुतहरूको दुर्भाग्य र दुर्दशाको कारण उपल्लो जात बनेका धेरै दृष्टान्तहरू उपन्यासमा छन्। यतिसम्म कि जैविक आवश्यकताले र सल्लाहले एकआपसमा सहवास गरेका निहुँमा लिङ्गसमेत छेदन गरिएको लज्जास्पद र निन्दित कर्म वंश र जातकै आधारमा भएको उपन्यासले यसरी व्यक्त गरेको छ :

द्विज वर्णकी युवतीको शरीर भोग गरेको अपराधमा 'मासिन्या काटिन्या जात'को हलीको लिङ्ग काटियो पृ. १४१। जस्ता अभिव्यक्तिले मानवीय कलङ्क, अत्याचार र सामाजिक रूपमा दलितप्रति भएका र हुने गरेका दलनको प्रतिबिम्ब पाउन सकिन्छ।

## ख) धर्म, संस्कृति र परम्पराका आधारमा

प्राचीन युगका चार वर्ण नै सामाजिक परम्परामा वर्णाश्रम धर्मसम्म आइपुग्दा सामाजिक मर्यादा वा श्रम समूहको पहिचान दिने अर्थमा फेरिएपछि क्रमशः त्यसले सांस्कृतिक रूप ग्रहण गर्दै गयो र पछि धर्मको रूपमा फेरिएको पाइन्छ। शूद्र वा अछुत जनसमुदायले अकिञ्चन रहेर त्यसैलाई स्वीकार गर्नु सिवाय केही रहेन र उनीहरूलाई आफूले उपल्लो जातकालाई छोए धर्म जान्छ र नरक परिन्छ भन्ने त्रासद स्थिति उत्पन्न गरियो। समाज धर्मभीरु त छँदै थियो। अझ जातीय दलन र विभेदले धर्म र स्वर्ग–नरकको प्रभाव स्वीकार गरेपछि अझै कट्टरता छायो। त्यही धार्मिक, सांस्कृतिक कट्टरताको प्रयोगस्थल रहेको समाजले त्यसलाई निरन्तरता प्रदान गर्‍यो, जसको छायाँले नेपाली समाज आजसम्म पनि त्रसित नै छ भन्ने सामाजिक यथार्थलाई मैदारोले व्यक्त गरेको छ।

कलाकार नदीनका बारेमा बुझ्न उत्सुक स्मरण गुरुङ अँधेरी गाउँमा रहेको नदीनको घर पुगेर पानी पिउने चाहना गरेपछि 'बाबु कुन जातको पर्नु भओ कुन्नि ?' भनी सोधेपछि आफू गुरुङ हूँ भन्छ। त्यो सुनेर उजेलीले भनेकी छन् 'हाम्ले छोको पानी कसरी दिनु बाबु ? हामी तल्ला जातका परिम्। पाप लाउँच बाबु हाम्लाई' पृ. १९। स्मरणले तल्लो जात नहुने र धेरै तिर्खा लागेको बताएपछि असमञ्जस्समा पर्दै सिल्टेको लोटाको पानी दिँदै भनेकी छन् :

> 'नदिए काकाकुल भैन्च, दिए नर्क गैन्च। छिः मरी पापी परिनी भओ केरे बाबु।' तिर्खाएको स्मरणले अम्खोराको पानी रित्याएपछि र छोरा अमृतले स्मरणको लागि खाना बनाउन भन्दा आमाले भनेकी छन् 'हाम्लाई पाप लाउँच का कान्छा। अछुत भरनि जानाजान कसरी ख्वाउनु गुरुङको छोरालाई' पृ. १९।

यसरी जातपात, पापधर्म, तल्लो माथिल्लो, स्वर्ग नरक जस्ता डरलाग्दा रोगले डसिरहेको नेपाली समाजमा आधुनिक, उत्सुक र चेतनशील पुस्ता नदीनजस्ताको हामी कसरी अशुद्ध भयौँ या मानिस पनि शुद्ध र अशुद्ध कसरी हुन्छ र भन्ने जिज्ञासाको उत्तर दिँदै बाबु आइते सार्कीले उसलाई सम्झाउँदै भनेका छन् :

> सानो मुन्छेले ठूलो कुरा नअर केटा, यो कुरा मलाई था छैन। यत्ति था छ, भगमान् बर्माको टाउकाबाट बाहुन, छातीबाट छेत्री, साँप्राट वैश्य र खुट्टाट सुद्र जन्मेका हुन् अरे। हामी पैताला तलका परिम्। अछुत भइम् पृ. ७१।

अझ उपन्यासमा नेपाली समाजमा प्रचलित जात, धर्म, पाप, नरक, अछुत, छुत आदि सम्बन्धमा दीननाथ पण्डितका चिन्तन, व्यवहार र उनको दुर्दान्त मृत्यु देख्दा कहाली लाग्छ। छोइछिटोलाई नै धर्म अधर्मको रेखा मानेर तल्लो जातकासँग त्यही व्यवहार गर्ने दीननाथले 'मलाई कसैले नछुनू। तिमीहरूले छोयौ भने म सीधै नर्क जानेछु। तिमीहरू पनि नर्क जानेछौ पृ. ९०।' भने अनुसार नै उनले जीवन दिएका छन् तर छोइन मानेका छैनन्। पूजा गराएर घर फर्केका पण्डित र हलो जुवा बोकेर जोत्न हिँडेका आइते सार्कीको पुलमा जम्काभेट हुँदा कामी आएको पुल छोइन्छ भनेर सुरुवाल खोलेर खोला तर्दा उनको ज्यान गएको छ। बचाउन हलो जुवा फालेर अँधेरी खोलामा हेलिएका आइतेले पण्डितका 'तिमीहरूले छोए म नरक जानेछु र तिमीहरू पनि जानेछौ' भन्ने सम्झेर हच्किएका छन् (पृ. ९१) र खोलाले बगाएर पण्डितको मृत्यु भएको छ। यसै गरी जुम्लीधाराको प्रयोगमा दलित हुनु र दलनमा पारिनु बारेको दृष्टिकोण र ज्वलन्त दृष्टान्त प्रस्तुत

गरिएको छ (पृ. १८३)। यसप्रकार धर्म, संस्कृति र परम्पराका आधारमा उपन्यासले नेपाली समाजमा विद्यमान धार्मिक, सांस्कृतिक कट्टरतालाई अभिव्यक्ति दिएर दलितसम्बन्धी सामाजिक दृष्टिकोण प्रस्ट पारेको छ।

### ग) श्रम र उत्पादनका आधारमा

मनुस्मृति कालमै युद्धमा कैद परेका, ऋण तिर्न नसकेर दासत्व स्वीकारेका, दास वा दासीको पुत्र, किनिएको मानिस, दानमा प्राप्त मानिस र राजदण्डबाट बच्न दासत्व स्वीकार गर्ने जति मानिसलाई शूद्र घोषित गरियो (आहुति, २०७५ : ७०)। कालान्तरमा तिनै व्यक्तिहरू नेपाल र भारतमा अछुत र दलितमा परिणत गरिए। प्रारम्भदेखि नै शूद्र वा दास जुन पछि गएर अछुत–दलित जनसमुदाय बन्यो, तिनीहरू उत्पादनका साधन त रहिरहे तर व्यक्तिगत सामर्थ्य र पहुँच नभएको। आश्रित बनेर सदैव समाजमा तल्लो पिँधको जीवन जिउन बाध्य भए। नेपाली समाजमा यस्तै जीवन बाँच्न विवश दलितहरूका यथार्थ रूपलाई उपन्यासले व्यक्त गरेको छ :

बराजु मेरा छोराहरू भोकै मर्ने भए, केही खाने कुरा दिनुस्।

हजुरको खेतमा सिलौटोमा लोहोरो घोटेझैँ हड्डी घोटिदिन्छु (पृ. ७५)।

उपन्यासमा अँधेरी गाउँको दलित समुदायमा मानवीरे सार्की (जसलाई दलितहरू मानवीर बाजे भन्दछन्) चेतनाका वाहक बनेर देखिएका छन्। उनले एक दिन नदीनलाई सम्झाउँदै भनेका छन् :

हेर केटा हो, बालीघरे प्रथामा नफस। वर्षभरि मरुन्जेल काम अरेर पाउने दस–पन्द्र पाथी अन्नले तिम्रा केटाकेटी भेकै मर्चन्। केही लछारपाटो लाउन्नौ तिमोरले यसरी। तिमोरु पनि तिम्रा पुर्खाझैँ दुःख पार मर्चौ। यो रीत तिमोरको खुन चुस्न बनेको हो ......। अर्नी र खन्खनी नकत पैसो आउन काम अर्नी। ज्यालामा अर्नी। उनीहरूको दासजस्ता नबन्नी (पृ. १३८)।

अहिलेसम्म कतिपय स्थान र समाजमा त्यही बालीघरे प्रथा नै चलिरहेको तथ्य उजागर गर्दै उपन्यासले अझ अघि बढेर पहाडी परिवेशमा आफ्नो घरमा काम गर्ने दलित समुदायलाई विष्ट–बराजुका सन्तानले समेत गर्वका साथ भन्ने गरेको कुरा यसरी व्यक्त गरिएको छ :

फलानो हाम्रो घरको सार्की, फलानो हाम्रो घरको दमाई र फलानो हाम्रो घरको कामी। किनेका जनावरहरूझैँ कसरी ती मानिसहरू उनीहरूका भए ? (पृ. १४६)।

बालीघरे प्रथा होस् या ज्यालादारी मजदुरी होस् जुनसुकै किसिमले विष्ट बराजुहरूकहाँ घोटिएर छाक टार्न र हर ढाक्न पनि हम्मे परिरहेको नेपाली समाजमा विद्यमान दलित जीवनका विविध रूपलाई उपन्यासले प्रस्तुत गरेको छ। पानीको एउटै पाइपलाई दुईतर्फ टुटी लगाएर एउटा धारा सिङ्गो दलित गाउँलाई र अर्को प्रधानपञ्च हिक्मतसिंहका लागि मात्र हुने विभेदको चर्को रूप त्यहाँ पाउन सकिन्छ। हिक्मतसिंहलाई दलितको श्रम चल्ने, सुन्दर रूप मान्य हुने तर अरू नहुने तथ्य उपन्यासमा यसरी प्रस्तुत भएको छ : 'अछुतको पसिना र सिप चल्छ, पानी चल्दैन हिक्मतसिंहलाई। बाटुली कामीको ओठ र योनी चल्छ, पानी चल्दैन हिक्मतसिंहलाई (पृ. १८१)।'

यसरी उपन्यासले अँधेरी गाउँलाई बिम्ब बनाएर त्यहाँका दलितले पुस्तौँदेखि सहँदै आएको जातीय दलनका माध्यमबाट नेपाली समाजको दलित प्रतिबिम्बलाई नदीनको कलामार्फत यसप्रकार देखाएको छ :

अमिलो निचोर्न प्रयोग गरिने परम्परागत यन्त्र 'कोल'को बिम्ब उतारेँ, जसमा निबुवाको ठाउँमा लस्करै सुताइएका दलितहरू र उनीहरूलाई लामो काठले निचोरिरहेका छुतहरू देखाएँ। कोलको मुखबाट जुन रस चुहिरहेको थियो, त्यो रस पिउन मानिसहरूको तँछाडमछाड थियो (पृ. २५३)।

### घ) भाषिक प्रयोग र सम्बन्धका आधारमा

भाषा सामाजको अभिव्यक्ति र सम्प्रेषणको माध्यम भएकाले यसको प्रयोग समाजका प्रत्येक सदस्यले आफ्नो

परिवेश र स्तरअनुसार गरेको पाइन्छ। मैदारो उपन्यासले भाषिक प्रयोग र त्यसको सम्बन्धलाई अनेक रूपमा प्रस्तुत गरेको छ। विशेष गरी उपन्यासमा दलितका नाम र उनीहरूले व्यावहारिक रूपमा प्रयुक्त भाषा एकातिर छ भने अर्को नदलित भनाउँदा उच्च जातकाले दलितप्रति प्रयोग गर्ने भाषिक रूपलाई हेर्न सकिन्छ – कुजातकी मसँग बोल्दा अशुभ हुन्च भनेर बोलेनन् बराजुहरू (पृ. १०७)।

तुलनात्मक रूपमा छुतभन्दा अछुतका नामहरू अलि हेलाँ होचो गरेर असम्मानजनक रूपमा प्रयोग गरिएका असुन्दर भाषिक रूपहरू : भौँजाहा, भँडुवा, बाङ्गे, ठेउके, खड्के, भजवीरे, सन्ते, आइते जस्ता प्रयोग गरिएका छन् (पृ. ११४) भने दलितले आफ्नो घर परिवारमा सम्बन्धका आधारमा प्रयुक्त भाषा यस्तो पाइन्छ– के भन्चे यो राँड ? कुन दिन यसले लगाको पेटीकोट पनि काँ हरायो भन्चे केरे गाँठे।ृ (पृ. ६६१)

मुखाँ लाउनी माड् छैन, मुजियाँ लाउनी जाइफल (पृ. १६२)।

उपन्यासमा उच्च जातका नदलितहरूले दलितप्रति सम्मानजनक भाषिक रूपको प्रयोग एकाध स्थानबाहेक अन्यत्र पाइँदैन। बरु दलित भएकै कारण निर्दोषलाई पनि दोषी र अपराधी साबित गर्न ठूलो डाँकोले हकारेको र गाली गरेको देख्न सकिन्छ :

प्रधानले भनेको थियो, भैनचोद साला त्यो क्यानाम् नदीन त्यसको बा आइते सार्की बहुत कमीना छ। दीननाथ पण्डितलाई खोलामा धकेलेर मारिदिएको त्यसले। फेरि छोरा यस्तो उत्रवादी निस्कियो (पृ. १५६)।

## ङ) सामाजिक सुधार र सम्भावनाका आधारमा

उपन्यास मैदारोको अन्तर्य भनेको अँधेरी गाउँको प्रतिबिम्बमा उत्रिएका दलित जातिले पुस्तौँपुस्तादेखि बेहोरेका दलन र उत्पीडनका चित्र र चरित्रका माध्यमबाट नेपाली समाजमा विद्यमान असमान र असम्मानपूर्ण अवस्थाको अन्त्य र समान र सम्मानपूर्ण जीवनको चाहना रहेको छ। दलित मुक्तिको चेतनाका प्रथम सूत्राधार भगत सर्वजीत विश्वकर्माको जातीय दलन, छुवाछुत र विभेद विरुद्धको प्रथम उद्घोषले ब्युँझेका मानवीर बाजेले आफ्नो विगत सम्झँदै नदीनलाई भनेका छन् :

भगत सर्वजित सँ भेट नभको भे म पनि अरूझैँ अबुझ भएरै मर्तें केटा। उनी हर्लेझौँ होचोहेलाँ मेरो प्रान जान्तो। भगत सर्वजित विश्वकर्मा मेरा गुरु हुन्। उनले नै मेरा बन्द आँखा खोलिदिए। उनले नै छुवाछुतविरुद्ध बोल्न सिकाए (पृ. १४७)।

समाजका समस्याको निकास र विकासका निम्ति समान पहुँच र अवसर आवश्यक भए पनि अछुत मानिएको समाजको एक ठूलो हिस्सा अझ पनि पिँधको जीवन जिउन बाध्य पार्ने सामाजिक नियम, राजनीति, धर्म–संस्कृति सबै उल्टा रहेको नदीनको ठम्याइ छ :

कला के तिमीलाई लाग्दैन कि दुनियामा धेरै कुरा उल्टा छन् ? मानिसको जीवन बचाउन स्थापित धर्महरू मानिस मार्ने उद्यममा छन्, ती उल्टा। मानिसलाई जोड्न बनेका परम्परा र संस्कृतिहरूले मानिसलाई विभक्त गरिरहेछन्, ती उल्टा। कानुन दुरुस्त छन्, कार्यान्वयन उल्टा। मुक्तिका मार्गहरू दुरुस्त छन्, परिणाम उल्टा। हाम्रो प्रेममा व्याख्या उल्टा (पृ. २०७)।

हुन पनि जसले भगवान्को मूर्ति बनाउँछ, उसले मन्दिर पसेर पूजा गर्न नपाउने, भाँडा बनाउनेले तिनै भाँडा पछि छुँदा सुनपानी छर्केर चोख्याउनु पर्ने र वर्षभरि खेतमा हलो जोतेर अन्न फलाउनेले छाक टार्न तर्सिनु पर्ने उल्टो परिणामको बाटोमा हाम्रो समाज हिँडिरहेको छ। धेरै कुराहरू विभेदमा आधारित रहेको पाउँदा नदीन छुत–अछुतको परम्परा बिर्सनलायक र लज्जाजनक रहेको मान्दछ (पृ. २१४)।

राजनीतिक परिवर्तनले पनि हिक्मतसिंह र झङ्क थापाजस्तालाई शक्तिशाली बनाउने गरेको, समय बदलिए पनि कानुन बदलिए पनि जुम्लीधारा जस्ता अछुत र विभेदयुक्त जातिप्रथा कायमै रहेका छन् (पृ. २३६)। यसरी उपन्यासमा

नदीन मानवीर बाजेले पुलामी धारामा सुनाएको छुत–अछुत बारेको दुःखान्त प्रेमकथाले बिथोलिएको मन लिएर उसले त्यसलाई चित्रको रूपमा उतार्न चाहेको छ। समाजका यावत् कुराहरू रुखमा उल्टो झुन्डिएका चमेराजस्ता लागेका छन्। शताब्दी अघिदेखि अन्याय र विभेदमा पारिएकाले आत्मविश्वासको कमी हुँदा सामाजिक दलनबाट उन्मुक्तिका निमित उपयुक्त अभिव्यक्ति नभए पनि उसले यस आन्दोलनलाई निरन्तरता दिन बोलिरहनुपर्ने आवश्यकता रहेको ठानेको छ :

> जसले स्वतन्त्रताको उपयोग गर्न पाउँदैन, उसमा आत्मविश्वास कम हुन्छ। जन्मिँदै दमनकारी संस्कारको बन्दी भएको मजस्तो मानिसमा आफूलाई शब्दमार्फत अभिव्यक्त गर्ने सीप कमजोर हुँदोरहेछ। यसकारण पनि अछुत बनाइएकाहरूले बोलिरहनु पर्ने जरुरी रहेछ (पृ. ३००)।

## ७. निष्कर्ष

नेपालको सामाजिक परिवृत्तमा जातीय विभेदनको समस्यालाई टड्कारो रूपमा अभिव्यक्त गर्नु प्रस्तुत उपन्यासको मूल उद्देश्य रहेको छ। उपन्यासकार भूपिनको छैठौँ कृतिका रूपमा यस उपन्यासले आफ्नो जन्मथलो बागलुङ जिल्ला र त्यस वरपरको सामाजिक सांस्कृतिक परिवेशका साथै पोखरा र काठमाडौंसम्मको नागर विशिष्टतालाई समेत समेटेको छ। परिवेशगत विविधताको, विचारगत विभिन्नताको सामाजिक अनेकताको अङ्कन र अभिव्यक्ति भए पनि उपन्यास मूलतः नेपाली समाजको जातीय दलनको समस्या र त्यसको उत्खनन्मा केन्द्रित रहेको छ।

विशेष गरी यो उपन्यास बागलुङ–पर्वत जिल्लाको सेरोफेरोमा अवस्थित नेपाली पहाडिया समाज र त्यसमा पनि अँधेरी गाउँका दलित र गैरदलित बीचको सामाजिक विभेद र अन्यायलाई उद्घाटन गर्दै सिङ्गो नेपाली समाजमा अछुत, पानी नचल्ने जात वा दलितप्रतिको कथित उच्च जात भनाउँदा गैरदलितहरूका उत्पीडन र दमनकारी मनोसामाजिक चिन्तन र व्यवहारलाई स्पष्ट पार्न सफल रहेको छ। अछुत कलाकार नदीन र विष्ट काइँलाकी छोरी कला बीचको प्रणय तन्तुमा उनिएको कथानकका माध्यमबाट पण्डित दीननाथ, नरे खड्का, हिक्मतसिंह, झङ्क थापा र आइते सार्की, मानवीर सार्की, बाटुली, उजेलीजस्ता अनेक प्रकृति र प्रवृत्तिका बहुल चरित्रहरूको समावेश पाइने उपन्यासमा जन्म, वंश, धर्म–संस्कृति र रक्तसम्बन्धकै आधारमा पुस्ताैँपुस्तादेखि कोरिँदै आएको जातीय विभेदनले मानवीय समाज नै लज्जित हुनुपर्ने कलङ्कको कालो टीका हटाएर दलितले पनि समान र सम्मानपूर्ण जीवन व्यतित गर्न पाउनुका साथै स्थानिक बिम्ब अँधेरी गाउँलाई उज्यालोमा परिणत भएको हेर्न चाहने सोद्देश्यपूर्ण लेखन रहेको हुँदा उपन्यास विशिष्ट बन्न गएको छ।

### सन्दर्भसामग्री

अधिकारी, तेजविलास र रिजाल पुरुषोत्तम (२०७४). **नेपाली कथामा दलित**. काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान।

आहुति (२०७४). **नेपालमा वर्णव्यवस्था र वर्ग–सङ्घर्ष**. तेस्रो संस्करण. काठमाडौं : फिनिक्स बुक्स।

खड्का, भूपिन (२०७४). **मैदारो**. काठमाडौं : बुक हिल पब्लिकेशन।

चापागाईं, निनु (२०६८). **दलित सौन्दर्यशास्त्र र साहित्य**. ललितपुर : साझा प्रकाशन।

त्रिगुणायत, गोविन्द (सन् १९९४). शास्त्रीय समीक्षा के सिद्धान्त (दोस्रो भाग). नई दिल्ली : एस् चन्द एन्ड कम्पनी।

**नेपाली बृहद् शब्दकोश** (२०४०). काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान।

मिश्र, चैतन्य (२०७४). **दलित समस्या : राजनीति र अर्थतन्त्र**, **नेपालमा वर्णव्यवस्था र वर्ग–सङ्घर्ष**. ले. आहुति. काठमाडौं : फिनिक्स बुक्स।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम (२०४०). **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**. ललितपुर : साझा प्रकाशन।